केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/१७/०८२/८३

मिति : २०८२/११/१७

## सूचना

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु**

महाशय,

निर्वाचन आयोग नेपालको पत्रबाट प्रतिनिधि सभा सदस्य आमनिर्वाचनलाई मध्यनजर गरी वित्तीय सेवा सुचारु/सञ्चालन गरिदिन यस बैंकलाई अनुरोध भएबमोजिम सम्बत् २०८२ साल फागुन २१ गते बिहीबारका दिन हुने प्रतिनिधि सभा सदस्य आमनिर्वाचनका सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद) द्वारा फागुन २०, २१ र २२ गते सार्वजनिक बिदा घोषणा भएको तथा २०८२ फागुन १८ गते हिमाली र पहाडी जिल्ला लगायतका ५६ जिल्लामा तथा २०८२ फागुन १९ गते तराईका २१ जिल्लामा होली पर्व/फागु पूर्णिमाको सार्वजनिक बिदा हुने भएकाले उक्त सार्वजानिक बिदा अवधिमा देहायबमोजिम बैंकिङ सेवा प्रवाह/सञ्चालन गर्ने व्यवस्था मिलाउनहुन यो सूचना जारी गरिएको छ।

क) सरकारी कारोबार गर्न तोकिएका वाणिज्य बैंकहरुद्वारा भुक्तानी व्यवस्था र राजस्व दाखिला,

ख) निर्वाचन प्रचारप्रसारका लागि बैंक खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाहरुद्वारा राजनीतिक दल तथा उम्मेदवारहरुको नगद वा चेक वा अन्य विनिमेय साधनहरुको दाखिला, भुक्तानी लगायतका बैंकिङ सेवाहरु।

भवदीय,

का.मु.कार्यकारी निर्देशक